बैठक संख्या : ८८

स्थान : राप्ती नगरपालिका

मिती : २०७८।०१।२४ गते

समय : दिउसो ३: ०० बजे

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा बराल (पौडेल) ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

उपस्थिति

नगरप्रमुख श्री प्रभा बराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमशेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

का.वा. वडाध्यक्ष वडा नं. ११ श्री कृष्ण बहादुर लामा

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

प्रमुख प्रशासकीय अधिकृत श्री गंगा बहादुर भुजेल — सदस्य सचिव

आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत श्री गोपाल तिवारी

ज.स्वा.अधिकृत श्री सुरेश न्यौपाने

प्रशासकीय अधिकृत शारदा देवी शर्मा

क.अ. श्री रमेश चौधरी

मिति २०७८।०१।२४

बैठक संख्या : ८८

<u>प्रस्तावहरु</u>

१. कोरोनाप्रकोपब्यवस्थापनसम्बन्धमा ।
२. स्वास्थ्य कर्मीलाई जोखिम भत्ता प्रदान गर्ने सम्बन्धमा ।
३. बिकास निर्माण र अति आवस्यक सेवा सञ्चालन सम्बन्धमा ।
४. एम्बुलेन्स भाडादर र एम्बुलेन्स चालकलाई जोखिम भत्ता सम्बन्धमा ।
५. कोरोना प्रकोप नियन्त्रण खातामा रकम थप सम्बन्धमा ।
६. पोल्पिङ स्यामराङ र वनदेवी मार्गको बाटो निर्माण कार्यको भुक्तानी सम्बन्धमा ।
७. आ.व. २०७८।७९ को योजना छनौट प्रक्रिया सम्बन्धमा ।
८. बार्षिक खरिद योजना सम्बन्धमा ।
९. नवौ नगरसभाको मिति तोक्ने सम्वन्धमा ।
१०. कोरोना भाइरस आपतकालिन व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्वन्धमा ।
११. भण्डारा अस्पताल व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्वन्धमा ।

निर्णय नं. १

प्रस्ताव नं १ मा छलफलहुदा नयाँ लक्षण सहितको कोरोना प्रकोपले हाम्रो नगरपालिका पनि अछुतो रहेन त्यसैले यसको नियन्त्रण र रोकथामको लागि निम्न कार्यहरु सञ्चालन गर्ने निर्णय गरियो ।

(क) भण्डारा अस्पतालमा अक्सिजन दिनुपर्ने कोभिडका बिमारीको लागि अक्सिजन सिलिण्डर सहितको २० सैया बेड तयार गर्ने र सोको ब्यवस्थितं सञ्चालनको लागि डाक्टर सहितको स्वास्थकर्मीको ब्यवस्था गर्ने ।

(ख) वडा अध्यक्ष को संयोजकत्त्वमा वडा स्तरिय कोरोना व्यवस्थापन समिति गठन गर्ने । र सो वडा स्तरमा कोरोना पोजिटिभ भएका साथै होम आइसोलेसनमा बसेका विरामिहरुको नियमित फोनकल को माध्यमद्वारा फलोअप गर्ने ।

(ग) कोरोना संक्रमित भइ होम आइसोलेसनमा रहेका विरामिहरुको लागि सल्लाह एवं आवश्यक सहजिकरणको लागि भण्डारा अस्पतालका मेडिकल अफिसर डा. विक्रम सिम्खडा लाई फोकल पर्सनको रुपमा तोक्ने साथै मेडिकल अफिसर डा.सुजन पुन लाईसंक्रमित भइ भण्डारा अस्पताल ल्याइएका विरामीहरुको चेकजाचँ तथा स्वास्थ्य अवस्था हेरी जिल्लास्तरिय भरतपुर हस्पिटल रिफर गर्नफोकल पर्सनको रुपमा तोक्ने ।

(घ) संकास्पद तथा कोरोनाको लक्षण सहितका विरामीहरुको एन्टिजिन टेस्ट भण्डारा अस्पतालबाटै हुने हुनाले सो कार्यको व्यवस्थापनका लागिसि.अ.न.मि.निरिक्षक श्री तुल्सी अधिकारीलाइ फोकल पर्सनका रुपमा तोक्ने साथै एम्बुलेन्स व्यवस्थापन तथा अक्सिजन सिलिन्डरको व्यवस्थापनका लागी सि.अ.हे.व श्री राममणी सिल्वाललाइ फोकल पर्सन तोक्ने ।

(ङ) नगर र वडाको पूर्व गठित कोरोना सहजिकरण समिति क्रियासील गर्ने ।

मिति २०७८।०१।२४

बैठक संख्या : ८८

(च) वडाले आ-आफ्नो वडाका कोरोना संक्रमित ब्यक्तिको अभिलेख लिई संक्रमित ब्यक्तिलाई निजकै घरमा आइसोलेसनमा राख्न पेरित गर्ने , विदेशबाट र अन्य जिल्लाबाट आउनेलाई अनिवार्य होम आइसोलेसनमा बस्न उत्प्रेरित गर्ने । वडामा कुनै कोरोना संक्रमितमा अक्सिजनको अभाव देखिएमा तुरुन्त भण्डारा अस्पतालको आइसोलेसन ड्रयुटीमा रहेको चिकित्सक वा अस्पताल प्रशासनसँग समन्वय गरी अस्पतालको आइसोलेसनमा पुऱ्याउने ब्यवस्था गर्ने । वडामा कुनै कोरोनाको बिमारीको क्रिटिकल अबस्था भएमा चाडो भन्दा चाडो भरतपुरको तोकिएको अस्पताल पुऱ्याउने ब्यवस्था गर्ने ।

(छ) कोरोनाको बढ्दो संक्रमण तथा विरामीहरुको जटिल अवस्था भइरहेको सन्दर्भमा यदि कथम कदाचित कोरोनाका कारण मृत्यु भएमा सोको शव व्यवस्थापन वडा स्तरिय कोरोना व्यवस्थापन समितिको निर्णय अनुसार हुने ।

**निर्णय नं. २**

प्रश्ताव नं २ सम्बन्धमा छलफल हुँदा सुरुमा कोरोनाको रोकथाममा जोखिमको समयमा सेवामा खटिएका स्वास्थकर्मीहरुले जोखिम भत्ता माग गरेकोले नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम २०७७ श्रावण देखि कार्तिक सम्मको जोखिम भत्ता ड्युटि रजिष्टरको आधारमा प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रश्ताव नं ३ मा छलफल हुँदा कोभिडको स्वास्थ्य मापदण्ड पालना गर्दै नगरका बिकास निर्माण क्रियाकलाप यथावत सञ्चालन गर्ने निर्णय गरियो । साथ साथै नगरका केही कर्मचारी संक्रमित भएकोले मिति २०७८।०१।२२ देखि २९ गते सम्म नगर र मातहतबाट सम्पादन हुने अति आवस्यक सेवा बाहेक अन्य सेवा स्थगित गर्ने निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रश्ताव नं ४ मा छलफल हुँदा नगरको एम्बुलेन्सको लागि पूर्व निर्धारित भाडादर नै कायम राख्ने र अन्य एम्बुलेन्सहरुलाई छलफल राखि जिल्ला प्रशासन कार्यालय चितवनले तोकेको भाडादर भन्दा बढी लिन नपाउने ब्यवस्था गर्ने निर्णय गरियो । नगरको एम्बुलेन्सले कोरोना संक्रमित रासी नगरको नागरिकलाई अति जटील अवस्थाका कारण भरतपुरका अस्पताल सम्म पुऱ्याउनु परेमा प्रमाण लिई निशुल्क सेवा प्रदान गर्ने निर्णय गरियो । जोखिम बहन गर्नुपर्ने भएकोले नगरको एम्बुलेन्स चालकलाई रु. १००० प्रतिदिन जोखिम भत्ता जोखिम अबधिभर प्रदान गर्ने निर्णय गरियो ।साथै संस्थागत र व्यक्तिगत एम्बुलेन्सको हकमा कोरोना संक्रमित विरामीहरु लैजान अटेर गरेमा जिल्ला प्रशासन कार्यालयले निर्धारण गरेको भाडादर भन्दा बढी भाडा असुल गरेमा त्यस्ता एम्बुलेन्सलाइ कारवाहिको दायरामा ल्याउनका साथै एम्बुलेन्स सेवा खारेजी समेतको प्रक्रिया स्थानीय सरकारले गर्ने गरी नगरभित्रका सम्पुर्ण एम्बुलेन्स चालक र संस्थासंग समन्वय गर्ने निर्णय गरियो ।

मिति २०७८।०१।२४

बैठक संख्या : ८८

**निर्णय नं. ५**

प्रश्ताव नं ५ सम्बन्धमा कोरोना प्रकोप नियन्त्रण खातामा प्रयास कोष नभएकोले मिल्दो शिर्षकबाट हाल रु ३० लाख शिर्षकान्तर गर्दै संघ र प्रदेश सरकारसँग स्वास्थ्य सामाग्री र बजेट माग गर्ने निर्णय गरियो । रकम खर्च गर्दा मितब्यी र पारदर्शीता अपनाउन कम्तिमा महिनाको एकपटक कार्यपालिकाको बैठक र कोरोना प्रकोप नगर सहजिकरण समितिमा कोरोना कोषको आम्दानी खर्चको बिबरण प्रस्तुत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रश्ताव नं ६ को अख्तियारमा उजुर परी भुक्तानी दिन बाँकी रहेका वडा नं ४ र वडा नं १३ को लामो समय सम्म भुक्तानी रोकिई उपभोक्ता समितिलाई भुक्तानी हुनपर्ने ठाउँमा दिन नसक्दा अप्ठ्यारो अवस्था सृजना भएकोले तत् तत् योजनामा वास्ताविक भएको कार्यको प्राविधिक मुल्याङ्कन सहितको छानविन समितिले दिएको प्रतिवेदनमा उल्लेखित रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रश्ताव नं. ७ मा छलफल हुँदा आ.व. ०७८।८९ को वार्षिक बजेट, नीति तथा कार्यक्रमको समय नजिकिदै आएको अवस्थामा टोल विकास संस्थाको समन्वयमा सामाजिक दुरी कायम गर्दै वडागत योजनाहरुको छनौट गर्ने, योजनामा महिला, दलित, विपन्न अल्पसंख्यक, बालबालिका, अपाङका लागि रोजगारमुलक, आयमूलक, सृजनशील कार्यक्रमहरु समेत समावेश गर्ने र धेरै टुक्रे योजनाबाट मूल्याङ्कनमा उत्कृष्ट नतिजा हासिल गर्न समस्या भएकोले प्रत्येक वडामा कम्तिमा वडाको एउटा योजना ५० लाख र एउटा २५ लाखको योजना छनौट गर्न पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल हुँदा प्रत्येक वर्ष म.ले.प. ले टुक्रे खरिद गर्न नहुने भनी वेरुजु इङ्गित गरेकोले र सार्वजनिक खरिद ऐनमा उल्लेख भए बमोजिम बार्षिक खरिद योजना तयार गर्न सम्पूर्ण नगरमा अगामी वर्षको लागि के कति अफिस सामान चाहिने हो एकिन गर्न सम्पूर्ण विषयगत शाखा र वडाबाट विवरण आवश्यक भएको र सो को पत्राचार समेत गरिएकोले विषयगत शाखा र वडाले ७ दिन भित्र आवश्यक सामानको विवरण भरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ मा छलफल हुदाँ स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १९ को बमोजिम आर्थिक बर्ष २०७७।७८ सकिनै लागेको सन्दर्भमा आ.व. ०७८।८९ को वार्षिक बजेट, नीति तथा कार्यक्रमकोका लागि हुने बजेट अधिवेशन अर्थात नवौ नगरसभा यहि असार ७ गते गर्ने गरी हाल महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस संक्रमण जोखिम लाइ ध्यानमा राख्दै पुर्ण रुपमा स्वास्थ्य मापदण्ड अपनाइ पुर्व तयारी गर्ने, साथै जेष्ठ १५ गते सम्म सम्पुर्ण वडाहरुबाट योजना छनौट गरिसक्ने गरी वडाहरुलाइ आह्वान गर्ने निर्णय गरियो ।

मिति २०७८।०१।२४ बैठक संख्या : ८८

**निर्णय नं. १०**

प्रस्ताव नं. १० मा छलफल हुदाँ मिति २०७८।०१।१५ र सो भन्दा अगाडी रासी नगरपालिकाका नगर प्रमुख श्री प्रभा बराल पौडेल ज्यूको अध्यक्षतामा बसेको आपतकालिन कोरोना व्यवस्थापन समितिले गरेका स्वास्थ्य सामाग्री खरिद, एम्बुलेन्स व्यवस्थापन, क्वारेनटीन व्यवस्थापन, सचेतनामुलक कार्यक्रम सञ्चालन लगाएतका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ मा छलफल हुदाँ भण्डारा अस्पताल व्यवस्थापन समितिको कोराना रोकथाम नियन्त्रण, एम्बुलेन्स संचालन सम्बन्धी लगायतका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।